## मौसम सुचकांकमा आधारित स्याउ खेती बीमाको जुम्लाबाट शुरुवात

२०७३ बैशाख २३ गते जुम्लाबाट एक औपचारीक कार्यक्रम मार्फत शिखर इन्स्योरेन्सले मौसममा आधारीत स्याउ खेती बीमाको उद्घाटन कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता शिखरका अध्यक्ष बिकाश शमशेर जबरा ले गर्नु भएको थियो । उक्त कार्यक्रममा बीमा समितिका अध्यक्ष प्रो. डा. फत्त बहादुर केसी, बीमा समितिका निर्देशक श्री श्रीमान कार्की, बेलायति अन्तराष्ट्रिय विकास नियोग (DFID Nepal) का प्रतिनिधि श्री रवि रायमाझि, सक्षम एक्सेस टु फाईनान्स कार्यक्रमका टिम लिडर श्री बलजित बोहरा, जिल्ला कृषि कार्यालयको बाली संरक्षण अधिकृत श्री  बालाराम देवकोटा, शिखरका प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डे, स्याउ किसान लगायत जिल्लाका अन्य संघ संस्थाको सहभागिता थियो ।

स्याउ खेतीका कृषकहरुले समयमा बर्षात नहुदाँ फुल कम लाग्ने र स्याउको उत्पादन कम हुने समस्या व्यहोरिरहेका छन । साथै असिनाको कारणले पनि स्याउ उत्पादन कम हुने र कम गुणस्तरको स्याउ फल्ने समस्या व्यहोरिरहेका छन। शिखर इन्स्योरेन्स कम्पनीले सक्षम एक्सेस टु फाईनान्स कार्यक्रमको सहयोगमा नेपालमै पहिलोपटक स्याउ खेती गर्ने जुम्लाका किसानलाई लक्षित गरेर मौसम सूचकांकको आधारमा बीमा शुरु गरेको छ ।

मध्य चैत देखि मध्य ज्येष्ठ सम्म ६० मि मि भन्दा कम बर्षात भएमा भने बीमा गरेका किसानले स्वत क्षतिपुर्ति पाउने छन् । साथै असिनाबाट परेको क्षतिको पनि बीमा गरीनेछ । जल तथा मौसम विज्ञान विभागको जुम्ला शाखाको तथ्याकंलाई आधार मानेर कम्पनिले क्षतिपुर्ति दिने गर्दछ । बीमा अवधिमा जति कम बर्षात हुन्छ त्यहि अनुसार क्षतिपुर्ति रकम बढ्ने गर्दछ । कृषकले मौसमी बीमाको लागि सरकारी अनुदान कटाएर बीमाङ्क रकमको २% र असिनाको क्षतिको बीमाको लागि लागत मूल्यको ०.२५% प्रिमियम तिर्न पर्दछ । शिखरले सक्षमसगँको सहकार्यमा मुस्ताङ  मुगु, कालिकोट र डोल्पामा मौसममा आधारीत स्याउ खेती बीमाको विस्तार गर्ने योजना गरेको छ ।

उद्घाटन कार्यक्रममा बीमा समितिका अध्यक्ष केसीले शिखर इन्स्योरेन्सले सक्षमसगँको सहकार्यमा शुरु गरेको मौसममा आधारीत स्याउ खेती बीमाले जुम्लाको स्याउ किसानहरुलाई फाईदा पुऱ्याउने विश्वास व्यक्त गर्नु भयो । यसैगरि सक्षमको टिम लिडर बोहराले सक्षमले शिखर इन्स्योरेन्स सगँको सहकार्यमा पहिलोपटक जुम्लामा बीमा शुरुवात गर्ने अवसर पाएकोमा खुशि व्यक्त गर्नु भयो । शिखरका प्रमुख कार्यकारी अधिकृत पाण्डेले मौसममा आधारीत स्याउ खेती बीमा  कृषि बीमाको क्षेत्रमा महत्वपुर्ण उपलब्धी हुने विश्वास गर्नु भयो । कार्यक्रमको समापन शिखरका अध्यक्ष विकाश राणाले गर्नु भएको थियो ।

सक्षम एक्सेस टु फाइनान्स कार्यक्रम (Sakchyam- Access to Finance Programme) कार्यक्रम बेलायत सरकार र नेपाल सरकार बिचको द्बिपक्षिय सहयोगमा लुइस बर्जर (Louis Berger) द्बारा अन्य संस्थासगँको सहकार्यमा नेपालमा कार्यान्वयन भईरहेको छ ।